# खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना

(आ.व. २०८२।८३ देखि २०८६/८७)

**Right to Food and Food Systems Strategic Planning**
**(2025-2030)**

**ज्वालामुखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**साँधभञ्ज्याङ, धादिङ, बागमती प्रदेश**

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सांघगउँयाङ, धादिङ
बागमती प्रदेश, नेपाल

# मन्तव्य

नेपालको संविधान, २०७२ को धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्य अधिकार सुनिश्चित गरेको छ, जसमा पर्याप्त, पोषणयुक्त र सुरक्षित खाद्य पहुँचको प्रत्याभुत गरिएको छ। खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०८० ले नागरिकको खाद्य तथा किसानको खाद्य सम्प्रभुता सम्बन्धी अधिकारलाई थप सुनिश्चितता गरेको छ र यसको कार्यान्वयनका लागि अवसर प्रदान गरेको छ। यी ऐन तथा नियमावलीमा भएका प्रावधानहरूलाई कार्यान्वयनका सन्दर्भ र ज्वालामूखी गाउँपालिकाको दीर्घकालीन सोंच **"शिक्षा, स्वास्थ, कृषि, पर्यटन र पूर्वाधार – सम्बृद्ध ज्वालामूखीको मूल आधार"** लाई सार्थक तुल्याउने पक्षमा योगदान दिन यो खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको तयार गरिएको छ।

यो रणनीतिक योजनाका क्रियाकलापहरू सोऱ्हौ योजना, कृषि विकास रणनीति, खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना तथा दिगो विकासका लक्ष्यहरुसँग सम्बन्धित रहेका छन्। खाद्य प्रणाली रुपान्तरणका पक्षमा गरिने कार्यक्रमहरुले समग्रमा नेपाल सरकारका लक्षित योजना, कार्यक्रम, उद्देश्य तथा समृद्धिका पक्षमा योगदान पुऱ्याउने कुरामा म विश्वस्त छु।

गाउँपालिकाको खाद्य प्रणालीको तत्कालिन अवस्थाको विश्लेषण गरी खाद्य अधिकार तथा खाद्य प्रणालीलाई सुदृढ गर्ने उद्देश्य अनुरुप यो पञ्चबर्षिय रणनीतिक योजना तयार गर्न परियोजना चक्रका पाँच चरणहरू क्रमशः समस्या विश्लेषण, उद्देश्य विश्लेषण, योजनाको निर्माण, कार्यान्वयन, र अनुगमन र मूल्याङ्कनमा आधारित भई २०८१ फागुन महिनामा तीन दिने कार्यशाला गरिएको थियो। कार्यशालाले सहभागीहरूबीच खाद्य प्रणाली र तिनका पक्षहरू, खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा, र यी अवधारणाहरू बीचको अन्तरसम्बन्धहरूको विस्तृत बुझाइ प्रदान गरेको थियो। यी विश्लेषणका क्रममा पहिचान गरिएका खाद्य प्रणालीका समस्याहरू र अन्तर्निहित कारणहरूलाई सम्बोधन गरी खाद्य प्रणालीलाई रूपान्तरण गर्नका लागि लक्ष्य तथा उद्देश्य निर्धारण गरी खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गर्न रणनीतिक क्रियाकलापहरू पहिचान र प्राथमिकीकरण गरिएको थियो। कार्यशालाको तयार पारिएको रणनीतिक योजनाको मस्यौदा रूपरेखालाई कार्यदल र सरोकारवालाहरूले थप समीक्षा गरी मस्यौदा खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गरिएको थियो। यसका साथै उक्त मस्यौदा रणनीतिक योजनालाई अन्तिम रूप दिनु अघि प्रमुख सरोकारवालाहरूसँग उनीहरूको सुझाव प्राप्त गरिएको थियो।

यस रणनीतिक योजनाले खाद्य अधिकार तथा खाद्य प्रणालीलाई सुदृढ गर्न विभिन्न योजनाहरुको तर्जुमा र त्यसको कार्यान्वयन लगायत योजनाले अपेक्षा गरेको उपलब्धिहरुको अनुगमन र मुल्याङ्कन प्रक्रियालाई प्रक्रियागत रुपमा कार्यान्वयन गर्न नीतिगत व्यवस्था गरेको छ। यस रणनीतिक योजनाको सफल कार्यान्वयनले गाउँपालिकाको खाद्य प्रणाली थप समतामूलक, उत्थानशील र दिगो हुनुका साथै प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक सुनिश्चित हुने विश्वास लिएको छु।

रणनीतिक योजना तयार गर्दा पालिकाका कार्यरत सरोकारवालाहरूसँगको सम्बन्ध र सहकार्यलाई सुदृढ गर्न र खाद्य प्रणालीमा व्यापक विमर्श र खाद्य प्रणालीले पालिकाको समग्र समृद्धिमा कसरी योगदान पुऱ्याउन सक्छ भन्नेबारे जनचेतना बढाउन पनि महत्त्वपूर्ण भूमिका खेलेको थियो। यो रणनीतिक योजना तयार गर्ने चरणमा, गाउँपालिकाका प्रमुख सरोकारवालाहरूको सक्रिय संलग्नतामा पालिकाको वर्तमान अवस्थाको गहन विश्लेषण गरेर खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना विकास गर्न खेलिएको भूमिका र योगदानका लागि धन्यबाद दिन चाहन्छु। रणनीतिक योजना तयारीमा पालिका प्रतिनिधिहरू उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, सामाजिक परिचालकहरू, वडा अध्यक्ष तथा सदस्यहरू, अगुवा कृषक, कृषक समूह प्रतिनिधि, पालिकामा कार्यरत गैरसरकारी संस्था, उद्योग बाणिज्य संघका प्रतिनिधि, खाद्यसँग सम्बन्धित उद्यमीहरूको योगदान महत्वपूर्ण रहेको थियो यसका लागि म आभार व्यक्त गर्न चाहन्छु।

यस रणनीतिक योजनामा उल्लेख भएका कार्यक्रमहरू प्रत्येक वर्ष प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गरी सञ्चालन गर्दै लगिनेछ। योजना निर्माण खाद्य प्रणाली रूपान्तरणको सुरुवात मात्र हो। यसको कार्यान्वयनमा समेत संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेशस्तरीय मन्त्रालयहरू तथा जिल्ला स्थित सरोकारवालाहरूको भूमिका अपरिहार्य छ र यसको कार्यान्वयनमा सहयोग प्राप्त हुने कुरामा विश्वस्त छु। अन्तमा यो रणनीतिक योजना निर्माणमा प्रत्यक्ष संलग्न भई सहजीकरण तथा सहयोग उपलब्ध गराउने संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य तथा कृषि संगठनलाई विशेष धन्यवाद दिन चाहन्छु।

**यामनाथ दनै**

अध्यक्ष

ज्वालामूखी गाउँपालिका

# विषयसूची


परिच्छेद – १ .......... 1

१.१ परिचय .......... 1

१.२ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सान्दर्भिकता .......... 2

१.३.२ योजना तर्जुमा विधि .......... 4

१.४ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सारसंक्षेप .......... 7

परिच्छेद – २ .......... 8

२.१ खाद्य अधिकार तथा खाद्य प्रणालीको अवस्था .......... 8

२.१.१ कृषि तथा पशुपालन .......... 8

२.१.२. सिचाई सुबिधा .......... 9

२.१.३ रोजगारीको स्थिति .......... 9

२.१.४ खाद्य सुरक्षाको स्थिति .......... 9

२.१.५ कृषि उत्पादनको प्रयोग .......... 10

२.१.६ जलवायु परिवर्तन र यसको कृषि क्षेत्रमा प्रभाव .......... 10

२.२ खाद्य प्रणालीका मुख्य समस्याहरु तथा कमजोर खाद्य प्रणालीका कारणहरु .......... 10

२.२.१ समस्या विश्लेषण: अस्थिर र कमजोर खाद्य प्रणाली .......... 12

२.२.२ समस्या विश्लेषण : स्वच्छ तथा पोषणयुक्त खाद्य को पहुँच नहुनु .......... 13

२.२.३ समस्या विश्लेषण : उपभोगको पद्धती दिगो नहुनु .......... 13

२.२.४ समस्या विश्लेषण : उत्पादन प्रणाली प्रकृति मैत्री नहुनु .......... 14

२.२.५ समस्या विश्लेषण : जीविकोपार्जन समन्यायिक नहुनु .......... 15

२.२.६ समस्या विश्लेषण : जोखिमग्रस्त खाद्य प्रणाली .......... 15

२.२.६ समस्या विश्लेषण : खाद्य अधिकार तथा खाद्य सम्प्रभुताका प्रावधानको प्रभावकारी कार्यन्वयन नहुनु .......... 17

२.३ खाद्य प्रणाली रुपान्तरणको सन्दर्भमा सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीहरु .......... 17

२.४ सरोकारवालाहरुको नक्सांकन र विश्लेषण .......... 19

२.५ दिगो खाद्य प्रणालीका लागि निर्धारित लक्ष्य तथा उद्देश्यहरु .......... 21

२.५.१ उद्देश्य विश्लेषण: स्थिर र सबल खाद्य प्रणाली ........ 22
२.५.२ उद्देश्य विश्लेषण : स्वच्छ तथा पोषणयुक्त खाद्यको पहुँचमा वृद्धि ........ 23
२.५.३ उद्देश्य विश्लेषणः उपयोग पद्धति दिगो हुनु ........ 23
२.५.४ उद्देश्य विश्लेषणः उत्पादन प्रणाली प्रकृति मैत्री ........ 24
२.५.५ उद्देश्य विश्लेषणः समन्यायिक जीविकोपार्जन हुनु ........ 25
२.५.६ उद्देश्य विश्लेषण : उत्थानशील खाद्य प्रणाली ........ 25
२.५.७ उद्देश्य विश्लेषणः खाद्य सुशासन र तथ्यमा आधारित निर्णय हुनु ........ 26
२.६ खाद्य प्रणालीको सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 26
२.७ कार्यक्षेत्र र कार्यक्रमहरु ........ 28
२.८ प्रस्तावित कार्यक्रमको खाका ........ 31
परिच्छेद – ३ ........ 39
३.१ योजना कार्यन्वयनका रणनीतिहरु ........ 39
३.२ संस्थागत व्यवस्था ........ 39
३.३ वित्तीय व्यवस्थापन ........ 39
३.४ अनुगमन तथा मुल्यांकन ........ 40
३.५ संभावित जोखिम तथा सम्बोधनका उपायहरु ........ 40
३.८ आगामी दिशा ........ 42
४. अनुसूचीहरु ........ 43
अनुसूची १: कार्यान्वयनको योजना ........ 43
अनुसूची २: जनसांख्यिकीय विवरण ........ 50
अनुसूची ३ : व्यवसाय सम्वन्धी विवरण ........ 51
अनुसूची ४: उमेर समूह र लिङ्गअनुसार जनसंख्या ........ 52
अनुसूची ५: खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा तालीमका सहभागीहरू ........ 53
अनुसूचि ६: खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा तालिमको विषयवस्तु ........ 54
अनुसूची ७: मस्यौदालाई अन्तिम रूप दिन गठन गरिएको कार्यदल र कार्यविवरण ........ 55
सन्दर्भ सामाग्रीहरु ........ 57

# परिच्छेद – १

## १.१ परिचय

वागमती प्रदेशको धादिङ जिल्लाका १३ वटा पालिकाहरू मध्ये ज्वालामुखी गाउँपालिका पनि एउटा हो । यस गाउँपालिकामा रहेको जलमूखी मन्दिरको नामबाट यस पालिकाको नामाकरण गरिएको छ। भौगोलिक हिसाबले सदरमुकाम देखि निकट रहेको यस गाउँपालिका क्षेत्र भित्रको कुनै पनि भु भाग–विकट अबस्थामा रहेको देखिदैन। भुगोलका हिसाबले यस गाउँपालिकाको नक्सा गोलाकार रहेको छ । पशुपालन ब्यबसायका दृष्टिले बाख्रा पालन ब्यबसाय प्रशस्त देखिन्छ भने अन्य पशुपालनको सम्भावना पनि त्यत्तिकै रहेको देखिन्छ । कृषि ब्यबसाय तर्फ खाद्य बालिमा धान, मकै, कोदो र गहु उत्पादन हुन्छ भने अन्य बाली तर्फ अदुवा, पिडालु र मौरी पालनको पनि सम्भावना रहेको छ । राजनैतिक हिसाबले जिल्लाका निर्वाचन क्षेत्र मध्ये यस गाउँपालिकाका सबै वडाहरु निर्वाचन क्षेत्र नं. २ अन्तरगत पर्दछ । यस गाउँपालिकाको सामिप्यमा रहेका नेत्रावति र बुढीगण्डकीको अविरल बहावका कारण बुढीगण्डकीको सौन्दर्यता, चरन क्षेत्र,पर्यटकीय हिसाबले निकटबाट नियाल्न सकिने पाविल हिमाल, गणेश हिमाल र टारहरुको मनमोहक दृश्य तथा संस्कृतिका रुपमा रहेका जलमूखीमाइ, ढोला मण्डली, मैदी कोट, खरि कोट र चैनपुर कोट जस्ता धार्मिक, पुरातात्विक एवम् पर्यटकिय प्रचुर सम्भावना बोकेको छ । जिल्ला स्थित टारहरुमध्ये पिपलटार जिल्लाकै महत्वपूर्ण टार मानिन्छ । साथै, अत्याधुनिक प्रविधि एवम् जलासययूक्त राष्टिय गौरबको बुढीगण्डकी जलविद्युत आयोजनाबाट डुवानमा पर्ने यस गाउँपालिकाका वडा नं १, ५ र ७ रहेका छन् ।

### अवस्थिति

चैनपुर, खरि, ढोला र मैदी गाउँ विकास समितिलाई समायोजन गरी ज्वालामूखी गाँउपालिको घोषणा गरिएको थियो । यस गाउँपालिकामा हाल ७ वटा वडाहरु रहेका छन् । साविकको मैदी गाँउ विकास समितिलाई वडा नं. १, २ र ३; ढोला गाउँ विकास समितिलाई वडा नं. ४; खरी गाउँ विकास समितिलाई वडा नं. ५; र चैनपुर गाँउ विकास समितिलाई वडा नं. ६ र ७ मा विभाजन गरिएको छ। जिल्ला सदरमुकाम धादिङ बेशी देखी करिब ११ कि.मी. को दुरीमा यस गाउँ पालिकाको केन्द्र रहेको छ। गाँउपालिकाको पूर्बमा निलकण्ठ नगरपालिका, पश्चिममा गोरखा जिल्ला, उत्तरमा निलकण्ठ नगरपालिका र त्रिपुरासुन्दरी गाउँपालिका र दक्षिणमा सिद्धलेक गाउँपालिका पर्दछन्। यस गाउँपालिकाको क्षेत्रफल ११२.८ वर्ग किलोमीटर रहेको छ। समुन्द्र सतहबाट ३४० मीटर देखि १३४० मीटर सम्मको उचाईमा रहेको यो गाउँपालिकाको सवै भाग पहाडी भूभागमा पर्दछ ।

**हावापानी**

धादिङ जिल्लाको मध्य पहाडी क्षेत्रमा पर्ने यस पालिकाको १ देखी ७ वटै वडामा समशितोष्ण हावापानी पाइन्छ। यस क्षेत्रमा गर्मी मौसममा मध्यम तापक्रम र जाडो मौसममा चिसो हुने गर्दछ। हावापानीको हिसाबले धान, मकै, कोदो र गहु वालीको राम्रो उत्पादन हुने गर्दछ।

**जनसंख्या**

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस पालिकाको जनसंख्या २१३३८ (११३५६ महिला र ९९८२ पुरूष) रहेको छ। परिवार संख्या भने ६०७९ रहेको छ । जनघनत्व १८७ जना प्रतिवर्ग किलो मीटर , वार्षिक जनसंख्या वृद्धिदर -१.११ प्रतिशत प्रतिवर्ष, परिवारको औसत आकार ३.५१, र साक्षरता ६७.२६ प्रतिशत रहेको छ । २०६८ को जनगणनामा यस पालिकाको जनसंख्या २३९६६ र परिवारको संख्या ५७३० रहेको थियो ।

**सडक सञ्जाल**

पृथ्वी राजमार्गको मलेखुदेखि धादिङ जिल्लाको सदरमुकाम हुँदै गाउँपालिकाको केन्द्र पुग्न ३० किमीको दूरी रहेको छ । धादिङवेसीबाट गाउँपालिकाको केन्द्र जोड्ने सडकको कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ । सबै वडा जाने सडकहरु पनि कालोपत्रे हुन सुरुवात भएको छ। सबै वडाहरुमा कृषि सडकको राम्रो व्यवस्था रहेको छ । यसले गर्दा बजारबाट उत्पादनका लागि आवश्यक सामाग्री ढुवानी गर्न र कृषि उत्पादनलाई बजार पुऱ्याउन सहज आएको छ।

## १.२ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सान्दर्भिकता

नेपालको संविधानको धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्य अधिकार सुनिश्चित गरेको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०८० ले नागरिकको खाद्य तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारलाई थप सुनिश्चितता गरेको छ र यसको कार्यान्वयनका लागि अवसर प्रदान गरेको छ । यी ऐन तथा नियमावलीमा भएका प्रावधानहरूलाई कार्यान्वयनका सन्दर्भमा पनि यस रणनीति योजनाको महत्त्वपूर्ण भूमिका रहनेछ ।

त्यस्तै, नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धिहरू, जस्तै संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले पनि खाद्य अधिकारलाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरेका छन् । खाद्य प्रणालीले खाद्य उत्पादन देखि प्रशोधन, भण्डारण, बजार व्यवस्था, वितरण लगायत खाद्य शृङ्खलाका विभिन्न चरण हुँदै उपभोक्ताको भान्सा अर्थात उपभोगको

अवस्था तथा विसर्जन (Waste management) को चरण समेत समेट्दछ । समग्रमा हाम्रो जन-जीवन, आर्थिक-सामाजिक तथा वातावरणीय सबै क्षेत्रमा खाद्य प्रणालीले प्रभाव पार्दछ ।

आदर्श खाद्य प्रणालीले खाद्य सुरक्षाको सुनिश्चितता, दिगो कृषिको प्रवर्द्धन, खाद्यको क्षतिमा न्यूनता, स्थानीय अर्थतन्त्रलाई बढावा, आहारमा विविधता, पौष्टिक खाद्य किफायती मूल्यमा उपलब्धता र पहुँचमा सुनिश्चितता, खाद्य स्वच्छतामा बढोत्तरी, सामाजिक समता र समतामूलक आम्दानीलाई बढावा, शिक्षा र चेतनाको प्रवर्द्धन तथा उत्थानशीलता र प्रकृति अनुकूलनतामा भुमिका निर्वाह गरेको हुन्छ । तर हाम्रो खाद्य प्रणालीको अवस्था अपेक्षा गरेजस्तो छैन भनेर विभिन्न प्रतिवेदनहरूमा उल्लेख गरेको पाईन्छ । खाद्य उपलब्धताको क्षेत्रमा भनौं वा पोषणको क्षेत्रमा या आर्थिक समृद्धिको  क्षेत्रमा भनौं, वा समग्र वातावरणमा परेको प्रभावको सन्दर्भमा भनौं, खाद्य प्रणालीले जसरी सकारात्मक प्रभाव  पार्नु पर्ने  हो त्यो अवस्था छैन । अझ कोभिड १९ को महामारीबाट सामाजिक, आर्थिक तथा मानवीय क्षेत्रमा ठूलो रुपमा नकारात्मक प्रभाव पारेको छ । यसै तथ्यलाई मध्यनजर गरी संयुक्त राष्ट्रसंघ खाद्य प्रणालीलाई रुपान्तरण गरी दिगो विकासका १७ वटै लक्ष्यहरुमा सकारात्मक प्रभाव पारी यी लक्षहरु प्राप्त गने पक्षमा भूमिका निवार्ह गर्न सकियोस् भनेर संयुक्त राष्ट्रसंघले सम्पूर्ण सदस्य राष्ट्रहरुलाई विद्यमान खाद्य प्रणालीको विश्लेषण, विवेचना र त्यसको आधारमा रुपान्तरणका कार्यक्रमहरू, नीतिहरु पहिचान गरी कार्यान्वयन गनि सबै राष्ट्रहरुलाई आह्वान गरी संयुक्त राष्ट्र संघीय खाद्य प्रणाली शिखर सम्मेलन २०२१ को आयोजना गरिएको थियो ।

शिखर  सम्मेलनको सहभागिताका सन्दर्भमा नेपालले खाद्य प्रणालीको विद्यमान अवस्थाको विश्लेषण गरी प्रमुख समस्याहरूको समाधान गर्दै मौजुदा खाद्य प्रणालीलाई अझबढी समतामूलक, उत्थानशील र दिगोतर्फ रूपान्तरण गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरू र प्रमुख सरोकारवालाहरूको सहभागितामा खाद्य प्रणाली संवादहरू सञ्चालन गरी रूपान्तरणका पक्षहरू पहिचान गरिएको थियो ।

सन् २०२१ मा आयोजना गरिएको संयुक्त राष्ट्रसंघको "Food Systems Summit" मा नेपालको खाद्य प्रणाली रुपान्तरण गरी दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न पहल गर्ने विषयमा प्रतिबद्धता प्रस्तुत भएका थिए । त्यसै गरी बहुक्षेत्रीय पोषण योजना, शून्य भोकमरी रणनीति, कृषि विकास रणनीति खाद्य सुरक्षा र पोषण अवस्था सुधारमा लक्षित छन् । विद्यमान १६औं योजना (आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६) सम्मले खाद्य प्रणाली रुपान्तरणलाई एक रुपान्तरणकारी रणलीतिको रूपमा उल्लेख गरेको छ। यी रणनीतिहरूलाई स्थानीयकरण गर्नका लागि पालिकाहरूले खाद्य प्रणाली रूपान्तरणको योजना निर्माण तथा कार्यान्वयन महत्त्वपूर्ण छ । खाद्य प्रणाली रूपान्तरणको प्रक्रिया, स्थानीय तहबाटै कार्यान्वयन नभएसम्म राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा राष्ट्रिय प्राथमिकताहरू प्राप्त गर्न कठिन हुने सन्दर्भमा पालिकाहरूले खाद्य प्रणाली रूपान्तरणका योजनाहरू  निर्माण गरी कार्यान्वयन गर्न अपरिहार्य छ ।  प्रणालीगत धारणलाई जोड दिदै रणनीतिक योजनाले खाद्य प्रणालीका विभिन्न पक्षहरूलाई मजबूत गर्न एक आपसको अन्तरसम्वद्धता बढाउन

जोड दिएको छ। वास्तवमा रणनीतिक योजनाको माध्यमबाट सवै नागरिकले पर्याप्त, पौष्टिक र सुरक्षित खानामा सरल पहूँच प्राप्त गर्नेछन्।

ज्वालामूखी गाउँपालिकाको सन्दर्भमा, कृषिमा निर्भरता उच्च भए तापनि उत्पादन तथा पहुँचमा विविध चुनौतीहरू देखिन्छन जस्तै - जलवायु परिवर्तनको असर, सिँचाइ अभाव। यसै सन्दर्भमा स्थानीय उत्पादन र खपतबीच सन्तुलन कायम गर्न, पोषण अवस्था सुधार्न, तथा विपद् व्यवस्थापन र कृषि सुधार कार्यक्रमहरूलाई समन्यायिक तथा दिगो बनाउन एक स्पष्ट, दीर्घकालीन रणनीतिक योजना अत्यावश्यक छ।

त्यसैले, गाउँपालिकाले खाद्य अधिकार प्रवर्द्धन गर्ने, स्थानीय खाद्य प्रणालीलाई दिगो बनाउने, उत्पादन र बजार पहुँचलाई सुधार गर्ने, तथा सबै समुदायका सदस्यहरूको खाद्य सुरक्षा र पोषणस्तर उकास्न तथा राष्ट्रिय लक्ष्यहरूको प्राप्तिमा योगदानका लागि "खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना" तयार गर्नु आजको आवश्यकता हो। यस्तो योजना मार्फत गाउँपालिकाले राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयन गर्न सक्नेछ।

## १.३ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना

### १.३.१ पृष्ठभूमि

ज्वालामूखी गाउँपालिकाले अपेक्षा गरेको सामाजिक र आर्थिक विकासको लक्ष्य लाई सार्थक तुल्याउने सोंच अनुरुप गाउँपालिकाको खाद्य प्रणालीको तात्कालिन अवस्थाको विश्लेषण गरि खाद्य अधिकार तथा खाद्य प्रणालीलाई सुदृढ गर्ने उद्देश्य अनुरुप यो पञ्चबर्षिय रणनीतिक योजना तयार गरिएको छ। यस रणनीतिक योजनाले खाद्य अधिकार तथा खाद्य प्रणालीलाई सुदृढ गर्न विभिन्न योजनाहरुको तर्जुमा र त्यसको कार्यान्वयन लगायत योजनाले अपेक्षा गरेको उपलब्धिहरुको अनुगमन र मुल्याङ्कन प्रक्रियालाई प्रक्रियागत रुपमा कार्यान्वयन गर्न नीतिगत व्यवस्था गरेको छ। यस रणनीतिक योजनाको सफल कार्यान्वयनले गाउँपालिकाको खाद्य प्रणाली थप समतामूलक, उत्थानशील र दिगो हनुका साथै प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक सुनिश्चित हुने बिश्वास लिइएको छ।

### १.३.२ योजना तर्जुमा विधि

परियोजना चक्रका पाँच चरणहरू क्रमशः समस्या विश्लेषण, उद्देश्य विश्लेषण, योजनाको निर्माण, कार्यान्वयन, र अनुगमन र मूल्याङ्कनमा आधारित भई तीन दिने (२०८१ फागुन २० - फागुन २२) तालीम सञ्चालन

गरिएको थियो । कार्यशालाले सहभागीहरूबीच खाद्य प्रणाली र तिनका पक्षहरू, खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा, र यी अवधारणाहरू बीचको अन्तरसम्बन्धहरूको विस्तृत बुझाइ प्रदान गरेको थियो। कार्यशालामा समस्या वृक्ष विश्लेषण विधिको प्रयोग गरेर विद्यमान खाद्य प्रणालीमा भएका समस्याहरूको विस्तृत विश्लेषणबाट सुरु गरी, खाद्य प्रणालीको सन्दर्भमा सबल दुर्बल अवसर र चुनौती (SWOT Analysis) र सरोकारवालाहरूको विश्लेषण गरिएको थियो।

यी विश्लेषणका क्रममा पहिचान गरिएका खाद्य प्रणालीका समस्याहरू र अन्तर्निहित कारणहरूलाई सम्बोधन गरी खाद्य प्रणालीलाई रूपान्तरण गर्नका लागि लक्ष्य तथा उद्देश्य निरधारण गर्न उद्देश्य वृक्ष विश्लेषण गरिएको थियो। यसपछि खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गर्न उद्देश्यमा आधारित भई रणनीतिक क्रियाकलापहरू पहिचान र प्राथमिकीकरण गरिएको थियो। कार्यशालाको तयार पारिएको रणनीतिक योजनाको मस्यौदा रूपरेखालाई कार्यदल र सरोकारवालाहरूले थप समीक्षा र आवश्यक जानकारी समावेश गरी खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गरिएको थियो।

यो रणनीतिक योजना तयार गर्ने चरणमा, गाउँपालिकाका प्रमुख सरोकारवालाहरूको सक्रिय संलग्नतामा पालिकाको वर्तमान अवस्थाको गहन विश्लेषण गरेर खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना विकास गरिएको थियो । यस प्रक्रियामा पालिका प्रतिनिधिहरू (अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू), प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, सामाजिक परिचालकहरू, रोजगार अधिकृत, अगुवा कृषक, कृषक समूह प्रतिनिधि, पालिकामा कार्यरत गैरसरकारी संस्था, उद्योग बाणिज्य संघका प्रतिनिधि, खाद्यसँग सम्बन्धित उद्यमी/खाद्य प्रशोधकहरू रणनीतिक योजना निर्माणमा प्रत्यक्ष सहभागिता र योगदान रहेको थियो।

(क) योजनाको आवश्यकता पहिचान र निर्माण

- खाद्य अधिकार तथा खाद्य प्रणालीको अवस्था विश्लेषण
- समस्याहरुको विश्लेषण
- सबलपक्ष, कमि कमजोरी, श्रोत र अवसर समेत पहिचान
- लक्ष्य तथा उद्देश्य निर्धारण
- योजनाको प्राथमिकरण तथा क्रियाकलाप निर्धारण (लक्ष्य सहित)

(ख) श्रोतको बाँडफाँड र सम्भावना

- प्राथमिकीकरण भएका योजनाहरुलाई श्रोतको बाँडफाँडको सुनिश्चतता, सोका लागि बार्षिक योजना तर्जुमा तथा मध्यमकालीन खर्च संरचनामा समावेश
- स्थानीय स्तरमा उपलब्ध हुने श्रोतको पहिचान र  प्राथमिकरण अनुरुप बाँडफाँड

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोंघगउयाङ, धादिङ
बागमती प्रदेश, नेपाल

- संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरुको कार्यक्रमवाट विनियोजित बजेट
- गाउँपालिकाको आन्तरिक श्रोतहरु
- गैरसरकारी तथा निजीक्षेत्र संगको समन्वयमा संचालन गर्न सकिने योजनाका श्रोतहरु

(ग) योजनाको कार्यान्वयन

- क्रियाकलापले निर्धारण गरेका प्रक्रियाबाट योजनाको कार्यान्वयन
- साझेदारहरु तथा समुदाय बिच समन्वय र सहकार्य

(घ) अनुगमन तथा मुल्यांकन

- उपलब्ध श्रोत-साधनहरुको सहि उपयोग भए नभएको
- तोकिएको समयमा कार्यक्रम सम्पन्न भए नभएको
- अपेक्षित उपलब्धिहरु पुरा भए नभएको
- विनियोजित बजेट अनुसार खर्च भए नभएको
- कार्यक्रम र उपलब्धिहरुको सान्दर्भिकता, प्रभावकारीता, दिगोपनाको अबस्था

(ङ) औचित्यता

- खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको प्रत्याभूति
- दिगो, सबल र पहुच योग्य खाद्य प्रणालीको विकास
- समतामुलक, उत्थानशिल खाद्य प्रणालीको विकास
- खाद्य सुरक्षाको सुनिश्चितता
- परम्परागत र रैथाने खाद्य प्रणालीको संरक्षण र बजारीकरण

(च) सीमितता

- यो योजना पंचबर्षिय योजना हो ।
- खाद्य प्रणाली बहुक्षेत्रीय भएता पनि कृषि क्षेत्रको योगदान महत्वपूर्ण रहेकोले यस लाई प्रमुख क्षेत्रको रुपमा लिइएको ।
- श्रोतको कमीका कारण आयआर्जनका अन्य क्षेत्र लगायत पूर्वाधार निर्माणका क्षेत्रहरु लाई पुर्णरुपमा समावेश गर्न नसकिएको ।

## १.४ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सारसंक्षेप

ज्वालामूखी गाउँपालिकाको क्षेत्र भित्र बसोबास गर्ने परिवारको लागि खाद्य अधिकारको सुनिश्चितता गर्ने तथा गाउँपालिकाको खाद्य प्रणालीलाई दिगो र पहुँच योग्य बनाउने कार्य चुनौतीपूर्ण रहेको सन्दर्भमा खाद्य अधिकार तथा खाद्य प्रणालीको रणनीतिक योजना निर्माण गरिएको छ । विश्वव्यापी र राष्ट्रिय रुपमा समेत अङ्गीकार गरिएको खाद्य प्रणालीका महत्वपूर्ण संवाहकहरु – उत्पादन, वितरण, भण्डारण, उपभोग र दिगोपना – को सन्दर्भमा विश्लेषण गर्दा गाउँपालिकामा यो सबै क्षेत्रहरुमा केही न केही समस्याहरु देखिन्छ । यसै सन्दर्भलाई मध्यनजर गर्दै, गाउँपालिकाको सम्बन्धित निकाय र बिज्ञ टोलीहरुको सहभागितामा बिस्तृत अन्तरक्रिया, छलफल, समुह कार्य मार्फत गहन अध्ययन गरी यो रणनीति योजना तयार गरिएको छ ।

यो पंचबर्षिय रणनीतिक योजना (२०८२/८३ – २०८६/२०८७) ले गाउँपालिका भित्र समतामूलक, उत्थानाशील तथा दिगो खाद्य प्रणाली निर्माण गर्ने लक्ष्य लिएको छ । स्वस्थ्य र उर्जाशील नागरिक निर्माणका लागि खाद्यान्नको भरपर्दो उत्पादन, वितरण र दिगो उपभोग गर्ने उद्देश्य यो रणनीतिक योजनाको रहेको छ । यो रणनीतिक योजनाको कार्यन्वयनका लागि गाउँपालिकाका किसान, उपभोक्ता, समूह, सहकारी, निजीक्षेत्र, गैरसरकारी संस्थाहरु लगायत संघ तथा प्रदेश सरकार लाई साझेदारको रुपमा स्वीकार गर्दै यस योजनाले लक्षित गरेको क्षेत्रहरु सफल कार्यान्वयन र त्यसको दिगोपना लाई आत्मसात गर्ने सोंच रहेको छ । यो योजनाको सफल कार्यान्वयनले खाद्य अधिकार तथा खाद्य प्रणालीका अपेक्षित उपलब्धिहरु हासिल हुने र खाद्य प्रणालीका सूचकहरुमा सुधार आउने अपेक्षा गरिएको छ ।

# परिच्छेद – २

## २.१ खाद्य अधिकार तथा खाद्य प्रणालीको अवस्था

विभिन्न फलफूल, बाली एवम् पशुपालनको लागि ज्वालामूखी गाउँपालिकाको भूमि उपयुक्त रहेको छ। यहाँ धान, मकै, दलहन, तेलहन, तरकारी आदि खेती गरेको पाइन्छ। यहाँको मुख्य वालीको रुपमा धान, कोदो र मकै रहेको भए तापनि उत्पादनले आत्मनिर्भर हुन कठीन रहेको अवस्था छ। हाल गाउँपालिकामा हाटबजार संचालन हुने भएकोले कृषि उपज बिक्री बितरणमा सहयोग पुगेको पाईन्छ। कृषिलाई गाउँपालिकाको मुख्य आर्थिक मेरुदण्ड मानिए तापनि, अधिकांस साना किसानहरूले कृषिबाट अपेक्षित रुपमा राम्रो आम्दानी प्राप्त गर्न सकेका छैनन्। फलस्वरूप, कृषि व्यावसाय अधिकांश किसानहरूको लागि जीविकोपार्जनका लागि केवल निर्वाहमुखी खेतीको रुपमा मात्र सीमित रहेको छ।

### २.१.१ कृषि तथा पशुपालन

गाउँपालिकाको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अत्यन्त महत्वपूर्ण छ। राष्ट्रिय कृषिगणना २०७८ को तथ्यांक अनुसार गाउँपालिकामा कुल ५,४७५ कृषक परिवारहरू रहेका छन् र तिनीहरुले कृषि प्रयोजनको लागि प्रयोग गरिरहेको कुल जमिनको क्षेत्रफल २४३५.३ हेक्टर रहेको छ।

गाउँपालिकाको कृषि प्रणाली विविध प्रकारको छ, जसमा अन्न बालीदेखि लिएर फलफूल तथा पशुपालनसम्मका विभिन्न उत्पादनहरू पाइन्छन्। यहाँका कृषकहरू प्रायः परम्परागत कृषि अभ्यासमा संलग्न छन्। गाउँपालिकामा लगाइने प्रमुख बालीहरूमध्ये अन्न बाली (जस्तै धान, गहुँ) सबैभन्दा महत्वपूर्ण छन्। अन्न बालीसँगै तरकारी खेतीमा पनि कृषकहरुको सहभागीता पाइन्छ, जसमा विभिन्न मौसमी तथा बेमौसमी तरकारीहरू उत्पादन हुने गर्दछन्।

तालिका १. खाद्यान्न बाली लगाएको क्षेत्रफल र उत्पादन

| सि.नं. | वाली | क्षेत्रफल(हेक्टर) | उत्पादन मे.टन.) |
|---|---|---|---|
| १ | धान | ९५८.७ | ३६६५.०४ |
| २ | मकै | ९९८.२ | १५५५.५३ |
| ३ | कोदो | ४५०.७५ | ७०९.१ |
| ४ | तरकारी | ३७.४५ | १२४.९८ |

स्रोतः ज्वालामूखी गाउँपालिका पार्श्वचित्र, २०७५

कृषि बालीसँगै पशुपालनले पनि गाउँपालिकाको अर्थतन्त्रमा महत्त्वपूर्ण हिस्सा ओगटेको छ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार कृषिमा संलग्न ५,४७५ कृषक परिवारमध्ये ४९६६ (९०.७० प्रतिशत) कृषक परिवार पशुपालनमा संलग्न रहेको देखिन्छ। कृषकहरूले गाई, भैंसी जस्ता चौपायाहरु पाली दूध उत्पादन गर्दै आएका छन्।

तालिका २. पशुपालनको बिवरण

| क्र.स | पशुको किसिम | संख्या |
|---|---|---|
| १ | वाख्रा | २६,२६८ |
| २ | गाई/गोरू | ६,७०२ |
| ३ | भैसी/राँगा/पाडापाडी | ९,७५५ |
| ४ | कुखुरा | ५,२६१ |
| ५ | सुंगुर | ८९३ |

स्रोतः पशु सेवा शाखा ज्चालामूखी गाउँपालिका

### २.१.२. सिचाई सुबिधा

राष्ट्रिय कृषि गणना २०७८ अनुसार, ज्वालामूखी गाउँपालिकाका खेतीयोग्य जमिनमध्ये ४१.९४ प्रतिशत (१०२१.४ हेक्टर) जमिनमा सिंचाइ सुविधा उपलब्ध रहेको पाइन्छ। धेरैजसो साना कृषकहरू धान तथा गहुँजस्ता प्रमुख अन्नबाली उत्पादनको लागि वर्षातको पानीमै निर्भर छन्। यसले गर्दा उत्पादनमा जोखिम बढेको देखिन्छ।

### २.१.३ रोजगारीको स्थिति

राष्ट्रिय जनगणना २०७८ अनुसार, १० वर्ष र सो भन्दा माथि उमेर भएका आर्थिक रूपमा सक्रिय जनसंख्यामध्ये ६८.१ प्रतिशत व्यक्तिहरू कुनै न कुनै रोजगारीमा संलग्न छन्। तीमध्ये ७८.२३ प्रतिशत कृषिक्षेत्र र २१.७३ प्रतिशतले गैर-कृषि क्षेत्रमा रोजगारी पाएका छन्। आर्थिक रूपमा सक्रिय जनसंख्यामा पुरुषको सहभागिता ६८.८ प्रतिशत र महिलाको ६५.४ प्रतिशत रहेको छ।

### २.१.४ खाद्य सुरक्षाको स्थिति

राष्ट्रिय कृषिगणना २०७८ को तथ्यांक अनुसार कुल ५४७५ कृषक परिवारहरूमध्ये ७३.३७ प्रतिशत (४०१७ परिवार) परिवारलाई आफ्नै कृषि उत्पादन तथा कृषि आम्दानीबाट वार्षिक रूपमा पर्याप्त खाद्यान्न नपुग्ने देखिन्छ। उक्त प्रतिवेदनले ४०१७ परिवारमा खाद्य अभावको अवधि फरक-फरक देखाएको छ। जस्तै: १ देखि ३ महिना सम्म अपुग हुने १३.८४ प्रतिशत, ४ देखि ६ महिना सम्म अपुग हुने ५१ प्रतिशत, ७ देखि ९ महिना

सम्म अपुग हुने ३०.२५ प्रतिशत र १० देखि १२ महिनासम्म अपुग हुने ४.९० प्रतिशत परिवारहरु रहेको उल्लेख गरिएको छ।

### २.१.५ कृषि उत्पादनको प्रयोग

कृषिमा संलग्न रहेका ५,४७५ परिवारमध्ये ४,००४ (७३.१३ प्रतिशत) ले आफ्नो उत्पादन आफैले उपभोग गर्दछन् र बजारमा पुऱ्याउनै सक्दैनन्। १४२५ (२६.०३ प्रतिशत) घर परिवारले कृषि उत्पादनको मुख्य घरायसी उपभोग र केही बिक्री गर्ने तथा ४६ (०.८४ प्रतिशत) घर परिवारले मुख्य बिक्री र केही घरायसी उपभोग गर्ने गरेको पाईन्छ। वास्तवमा यस गाउँपालिकाका वहुसंख्यक किसानहरूले आफ्नो उत्पादनलाई बजारमा पुऱ्याउने गरी उत्पादन गरेको देखिदैन।

### २.१.६ जलवायु परिवर्तन र यसको कृषि क्षेत्रमा प्रभाव

केही वर्षदेखि जलवायु परिवर्तनको प्रभाव विश्वव्यापी रूपमा देखिन थालेको छ। नेपालको सन्दर्भमा हेर्दा, खाद्य प्रणाली जलवायु प्रति प्रत्यक्ष निर्भर रहेको सन्दर्भमा, यसमा आएको परिवर्तनले यस क्षेत्रमा पारेको प्रभावहरु आँकलन गर्न थालिएको छ। ज्वालामूखी गाउँपालिकाको सन्दर्भमा हेर्दा, राष्ट्रिय कृषि गणना २०७८ अनुसार, ६४.९१ प्रतिशत कृषकहरूले जलवायु परिवर्तनको बारेमा जानकारी रहेको पाईन्छ। ति सहभागीहरुले जलवायु परिवर्तनको असरको सन्दर्भमा - उत्पादनमा कमी, उत्पादनमा बृद्धि, फल/फसलको आकारमा परिवर्तन, स्वादमा परिवर्तन, बाली लगाउने समयमा फरक, धेरै वा कम वर्षा, रोग/ किराको प्रकोपमा बृद्धि, ब्रिडिङ समयमा परिवर्तन, प्रजातिको लोप/ उत्थान जस्ता समस्याहरु महसुस गरेका छन्।

## २.२ खाद्य प्रणालीका मुख्य समस्याहरु तथा कमजोर खाद्य प्रणालीका कारणहरु

ज्वालामूखी गाउँपालिकामा खाद्य अधिकार तथा खाद्य प्रणाली अस्थिर र कमजोर हुनुका विविध र अन्तर-सम्बन्धित कारणहरू पहिचान गरिएका छन्, जसले सम्पूर्ण खाद्य प्रणालीलाई दीर्घकालीन रूपमा असर पारिरहेको छ। कमजोर खाद्य प्रणालीका मुख्यतया छ वटा प्रमुख कारणहरूको सन्दर्भमा थप समस्या र त्यसका कारणहरुको पहिचान निम्नानुसार गरिएकोछ:

**(क) स्वच्छ तथा पोषणयुक्त खाद्यमा पहुँच नहुनु:** स्थानीय उत्पादनको तुलनामा सस्तो र सजिलो रूपमा उपलब्ध हुने आयातित खाद्य वस्तुहरूको प्रयोग बढ्दो छ। स्थानीय बजारमा मूल्य निर्धारण तथा अनुगमनको व्यवस्था कमजोर छ। साथै, पोषणयुक्त खाद्यान्न उत्पादनमा कमी देखिन्छ, जसको कारण सिंचाइ, प्रविधि र प्राविधिक ज्ञानको अभाव तथा परम्परागत खेती प्रणाली नै हुन्। स्थानीय स्तरमा विविध बालीको खेती प्रोत्साहित नभएर पोषणयुक्त खाद्यान्नमा पहुँच थप कमजोर भएको छ।

**(ख) उपभोग पद्धती दिगो नहुनु:** मिश्रित बालीको खेती कम हुनु, स्वच्छ र गुणस्तरीय खाद्यको सीमित उपलब्धता, र जंक फुडको बढ्दो प्रयोगले उपभोग प्रणाली अस्वस्थ बन्दै गएको छ। रैथाने बाली लोप हुँदै जानु

र बजारको सजिलो पहुँचले पोषणयुक्त र परम्परागत खाद्यवस्तुको सट्टा गुणस्तरहीन खानपानको प्रवृत्ति बढाएको छ।

**(ग) जीविकोपार्जन समन्यायिक नहुनुः** कृषि पेशा अझै पनि जीविकोपार्जनको भरपर्दो स्रोत बन्न सकेको छैन। उत्पादनले उचित मूल्य नपाउनु, कृषि अनुदानको प्रभावकारी कार्यान्वयन नहुनु, र बजार व्यवस्थापनमा कमजोरी प्रमुख चुनौतीहरू हुन्। साथै, महिला र सिमान्तकृत समुदायहरूमा आय आर्जनको अवसर सीमित छ, जसले सामाजिक र आर्थिक असमानता झनै बढाएको छ।

**(घ) खाद्य प्रणाली प्रकृतिमैत्री नहुनुः** कृषि अवशेषको उचित व्यवस्थापन नहुनु, प्राकृतिक जल स्रोतको संरक्षणमा कमजोरी, र रासायनिक मल र विषादीको अत्यधिक प्रयोगले खाद्य प्रणालीलाई वातावरण प्रतिकूल बनाइरहेको छ। अर्गानिक खेतीको जानकारी र प्रवर्द्धनमा कमीले दीर्घकालीन दिगोपनामा असर पुऱ्याएको छ।

**(ङ) उत्थानशील खाद्य प्रणाली नहुनुः** बिउको उत्पादन र भण्डारणमा परम्परागत सीप लोप हुँदै जानु, जलवायु परिवर्तनको जोखिमप्रति सचेतना र तयारीको अभाव, कृषि बीमा प्रणालीको कमजोरी, र विपद् व्यवस्थापनमा तयारीको अभावले खाद्य प्रणालीको पुनःस्थापन क्षमतामा गम्भीर कमजोरी देखिन्छ।

**(च) खाद्य अधिकार तथा खाद्य सम्प्रभुताका प्रावधानको प्रभावकारी कार्यन्वयन नहुनु :** खाद्य सुरक्षासम्बन्धी नीतिगत स्पष्टताको अभाव, संघ, प्रदेश र स्थानीय सरकारबीच सहकार्यको कमी, सूचना सम्प्रेषणमा कमजोरी, र योजना निर्माण प्रक्रियामा समुदायको न्यून सहभागिता खाद्य प्रणाली सुधारमा बाधक बनेका छन्।

**प्रभावहरूः**

यी सबै कारणहरूले आर्थिक उत्पादनमा संलग्न जनशक्तिको कमजोरी, अस्वस्थ र कुपोषणयुक्त जनशक्ति, र सन्तुलित पोषणको अभावजस्ता गम्भीर समस्या उत्पन्न गरेका छन्। जसले समग्र गाउँपालिकाको खाद्य अधिकार, स्वास्थ्य, र विकास प्रक्रियामा दीर्घकालीन असर पुऱ्याइरहेको छ। यसकारण, यी समस्याहरूको बहुआयामिक विश्लेषणका आधारमा नीतिगत, संस्थागत, र व्यवहारिक सुधार आवश्यक छ।

## २.२.१ समस्या विश्लेषण: अस्थिर र कमजोर खाद्य प्रणाली

**(खाद्य अधिकार तथा खाद्य प्रणाली अस्थिर र कमजोर हुनुका कारणहरुको विश्लेषण)**



## २.२.२ समस्या विश्लेषण : स्वच्छ तथा पोषणयुक्त खाद्य को पहुँच नहुनु

| समस्या | किन | किन | किन |
|---|---|---|---|
| जलवायु परिवर्तन | बढ्दो तापक्रम | | |
| | समयमै वर्षा नहुनु | | |
| न्यून उत्पादन | आधुनिक प्रविधिको न्यूनता | निर्वाहमूखी खेती प्रणाली | परम्परागत खेती प्रणाली |
| | माटोमा पोषकतत्वको कमी | माटो परीक्षणको अभाव | |
| | सिचाईको कमी | न्यून आर्थिक एवम् प्राविधिक क्षमता | |
| | बाली चक्र प्रणालीको प्रयोग नहुने | | |
| कमजोर आर्थिक अवस्था | बेरोजगारी | आधुनिक कृषिको ज्ञान कमी हुनु | |
| विषादीको बढ्दो प्रयोग | छोटो समयमा धेरै उत्पादन लिने सोच | विषादीको उचित प्रयोगको बारेमा सचेतताको अभाव | |
| | बालीमा रोगकिराको आक्रमण बढ्नु | | |
| Junk Food मा आकर्षण बढ्नु | भड्किलो प्रचार | जनचेतनाको कमी | न्यून पाक शिक्षा |

## २.२.३ समस्या विश्लेषण : उपभोगको पद्धती दिगो नहुनु

| समस्या | किन | किन |
|---|---|---|
| वातावरण मैत्री खेती प्रणाली नहुनु | उत्पादन बढाउनमा मात्र जोड | माटोको उर्वरा शक्तिको ह्रास हुनु |
| | अत्याधिक रासायनिक मल र विषादीको प्रयोग | बाली चक्रको ज्ञानको कमी |
| | प्रविधिक ज्ञान नहुनु | |
| रैथाने खाद्यवस्तुको उत्पादन कमी | व्यावसायिक खेती प्रणाली तर्फ आकर्षण हुनु | आम्दानी बढ्नसक्ने अनुमान |
| | उचित मूल्य र बजारीकरणको अभाब | |
| | परम्परागत खेती प्रणाली | बढ्दो उत्पादन लागत |
| | रैथाने वस्तुको माग बढ्न नसक्नु | जंक फुडको प्रयोग बढ्नु |

| समस्या | किन | किन |
|---|---|---|
| तरकारी बाली,फलफुल उत्पादनमा कमी | व्यवसायिक खेतीमा कमी | उत्पादन लागत बढी हुनु |
| उत्पादन उपरान्त क्षति बढी हुनु | क्षति न्यून गर्ने ज्ञानको अभाव | |

### २.२.४ समस्या विश्लेषण : उत्पादन प्रणाली प्रकृति मैत्री नहुनु

| समस्या | किन | किन | किन |
|---|---|---|---|
| प्रकृतिक विपत्ति | अत्याधिक वर्षा, बाढी, पहिरो, खडेरी | जलवायु परिवर्तन | |
| बाली चक्र व्यवस्थापन नहुनु | नवीनतम प्रविधिको ज्ञान नहुनु | कृषि प्रसारको न्यूनता | |
| माटोको उत्पादन क्षमता घट्नु | माटोको उत्पादकत्व बढाउने विषय प्राथमिकतामा नपर्नु | | |
| स्थानीय बीउ विजन हराउँदै जानु | हाईब्रीड बीउ विजनको प्रयोग बढ्नु | उत्पादन बढी हुने भएकाले आकर्षण बढ्नु | आम्दानी बढ्ने |
| विषादीको अधिक प्रयोग | बढ्दो रोग किराको संख्या | जलवायु परिवर्तन | प्राकृतिक सम्पदाको दोहन |
| | | नियन्त्रणको लागि परम्परागत ज्ञानको कमी | परम्परागत ज्ञान संरक्षण र संवर्द्धन नहुनु |
| | राम्रो र परिणाम नघटाई बजारमा पुऱ्याउने ईच्छा | आम्दानीको चाहना | |
| वातावरण संरक्षण गर्ने प्रविधिको जानकारी नहुनु | प्रविधि मैत्री कृषिको जानकारी नहुनु | प्रविधि मैत्री कृषिको तालीम सञ्चालनको कमी | वित्तिय र प्राविधिक स्रोतको अभाव |
| रासायनिक मलको असन्तुलित प्रयोग | सन्तुलित प्रयोगको ज्ञानको कमी | कृषि प्रसारको न्यूनता | |
| जैविक मलको अभाव | जैविक मलको उत्पादन र प्रयोगको न्यून जानकारी | तालीमको अभाव | प्राथमिकतामा नपर्नु |
| | | | बजेटको अभाव |

| समस्या | किन | किन | किन |
|---|---|---|---|
| माटोको उत्पादन क्षमता घट्नु | माटोको उत्पादन बढाउन गर्नुपर्ने कार्यको बारेमा किसान अनभिज्ञ हुनु | माटोको उत्पादन क्षमता बढाउने अनुसन्धान र प्रसारमा न्यूनता | |
| अव्यवस्थित शहरीकरण | भु-उपयोग योजनाको कम प्रभावकारिता | जनचेतनाको कमी | |

## २.२.५ समस्या विश्लेषण : जीविकोपार्जन समन्यायिक नहुनु

| समस्या | किन | किन |
|---|---|---|
| असमान ज्यालादर | लैङ्गिक विभेद | निर्णय प्रक्रियामा समान सहभागिता नहुनु |
| उत्पादनको उचित मुल्य नपाउनु | विचौलियाको बढ्दो प्रभाव | कमजोर बजार नियमन प्रणाली |
| | सहकारी र कृषक समूहले बजार व्यवस्थापन गर्न नसक्नु | |
| | बजार व्यवस्थापनमा सरकारको सहजीकरण नहुनु | |
| परम्परागत खेती प्रणाली | आधुनिक कृषि प्रणालीको न्यून जानकारी | कृषि प्रसारको न्यूनता |
| | पुर्वाधारको कमी | सिंचाई सुविधा विस्तार हुन नसक्नु |
| | | कृषि सडकको विस्तार हुन नसक्नु |
| | | कमजोर भण्डारण प्रणाली |
| | | खेती हुनसक्ने स्थानमा बिजुलिको पहूँच नहुनु । |
| बाँझो जग्गा बढ्नु | खेती नगर्ने र खेती गर्न खोज्नेलाई भूमि बैक मार्फत जोड्ने प्रणाली नहुनु | सरकारी निकायले भूमि बैकको अवधारणलाई कार्यान्वयन नगर्नु |

## २.२.६ समस्या विश्लेषण : जोखिमग्रस्त खाद्य प्रणाली

| समस्या | किन | किन | किन |
|---|---|---|---|
| अतिवृष्टि अनावृष्टि र खण्डवृष्टि | जलवायु परिवर्तन | | |
| | प्राकृतिक स्रोत माथिको दोहन | जनचेतनाको कमी | |
| सामुहिक खेतीमा ध्यान नजानु | सामूहिक खेती सम्बन्धि ज्ञानको कमी | जनचेतनाको कमी | |

| समस्या | किन | किन | किन |
|---|---|---|---|
| न्युन उत्पादन | आधुनिक खेती प्रणालीको ज्ञान नहुनु | कृषि बिज्ञ सँगको पहुच टाढा हुनु | |
| | हावापनी अनुसार वीउविजनको छनोट नहुनु | | |
| बन्यजन्तुको आक्रमण बढ्नु | खेतीयोग्य जमीन बाझिँदै जानु | जनशक्ति बिदेश पलायन हुनु | |
| | वन विस्तार हुनु | | |
| बसाई सराई तीब्र हुनु | न्यून आम्दानीका क्रियाकलापको उपलव्धता | रोजगारको अभाव | |
| कमजोर व्यवस्थापन | रसायनिक मलको समयमा आपूर्ति नहुनु | आपूर्ति योजना र अनुगमनको अभाव | |
| | गुणस्तरीय वीउको अभाव | प्रभावकारी नियमनको अभाव | |
| सामूहिक खेतीमा आकर्षण नहुनु | सामूहिक खेती सम्वन्धी प्रचार प्रसार नहुनु | कृषि प्रसारमा प्राथमिकतामा नपर्नु | |
| खाद्यमा परनिर्भरता | न्यून उत्पादकत्व | न्यून सिचाई सुविधा | सिचाई पुर्वाधारमा न्युन लगानी |
| | | गुणस्तरीय वीउ र नश्लको कमजोर आपुर्ति | न्यून प्राथमिकतामा पर्नु |
| | | उन्नत प्रविधि न्यून उपलव्धता | कमजोर कृषि प्रसार प्रणाली |
| | छिमेकी मुलुकबाट आयात हुने कृषि वस्तुसंग प्रतिस्पर्धा गर्न नसक्नु | बढ्दो उत्पादन लागत | सानो परिमाणको उत्पादन |
| | | स्थानीय उत्पादनलाई सरकारले संरक्षण नगर्नु | स्थानीय बजार व्यवस्थापनलाई प्राथमिकतामा नराख्नु |
| | कृषिमा युवाहरूको संलग्नता घट्नु | राम्रो आम्दानीको लागि शहरी क्षेत्र र विदेशमा जानु | न्यून आम्दानीका क्रियाकलापहरू उपलव्ध हुनु |
| विषादीको अव्यवस्थित प्रयोग | रोग किराको प्रकोप | बैज्ञानिक ढङ्गले विषादी प्रयोग गर्ने तालिमको कमी | बजेटको कमी |
| घट्दो माटोको उर्वरता | प्राङ्गारिक मलको कम प्रयोग | पशुपालनमा कमी | युवाको विदेश पलायन |
| | | उत्पादन र प्रयोगको जानकारी नहुनु | जानकारी उपलव्ध गराउन नसक्नु |

## २.२.६ समस्या विश्लेषण : खाद्य अधिकार तथा खाद्य सम्प्रभुताका प्रावधानको प्रभावकारी कार्यन्वयन नहुनु

| समस्या | किन | किन |
|---|---|---|
| खाद्य अधिकार सुनिश्चित गर्ने प्रणालीको कमजोर अवस्था | स्थानीय खाद्य समन्वय समितिको गठन नहुनु | स्थानीय सरकारले ध्यान नदिनु |
| खाद्य अधिकारको नीतिगत तथा संस्थागत व्यवस्था नहुनु | पालिकाको खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन तर्जुमा नहुनु | |
| दक्ष जनशक्तिको अभाव | दक्ष जनशक्ति आपुर्ती गर्न कानुनको अभाव | प्राथमिकतामा नपर्नु |
| तथ्यको आधारमा योजना छनौट नहुनु | आवश्यक तथ्याङ्कको अभाव | आवश्यक पर्ने सूचना संकलन गर्ने प्रणालीको अभाव |

## २.३ खाद्य प्रणाली रुपान्तरणको सन्दर्भमा सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीहरु

ज्वालामूखी गाउँपालिकामा खाद्य प्रणाली रूपान्तरणको सम्भावना उल्लेखनीय देखिन्छ, जसलाई सशक्त बनाउने विभिन्न आधारहरू छन् । यस क्षेत्रको भौगोलिक विविधता, स्वदेशी रैथाने वालीहरूको निरन्तर अस्तित्व, तथा सडक सञ्जालले उत्पादनलाई बजारमा पुऱ्याउन सजिलो रहेको छ ।

जैविक तथा प्राङ्गारिक खेतीसम्बन्धी ज्ञान, सीप र स्रोतहरूको अभाव, बजार पहुँचको कमी, कृषि उत्पादनमा विविधता नहुनु र युवाशक्ति वैदेशिक रोजगारतर्फ आकर्षित हुनुजस्ता समस्याहरूले खाद्य प्रणालीलाई कमजोर बनाएको छ । कृषि ऋण तथा बीमाको पहुँच र प्रभावकारिताको अभाव, नीतिहरूको कार्यान्वयन तथा अनुगमनमा देखिएको कमजोरीले चुनौतीको रूपमा रहेका छन् ।

गाउँपालिकामा रहेका प्राकृतिक जलस्रोतहरूको प्रभावकारी व्यवस्थापन मार्फत सिँचाइ विस्तार, गैर-सरकारी निकायहरूसँग सहकार्य गर्दै योजनाहरू सञ्चालन, पशुपालन र रैथाने वालीहरूको प्रवर्द्धन, व्यावसायिक कृषि तथा गैर-कृषि उद्योगको सम्भावना, र पर्यटन व्यवसायबाट रोजगारी सिर्जना गर्ने अवसरहरूलाई उपयोग गर्न सकिन्छ ।

यद्यपि, उन्नत बीउ–बिजन तथा कृषि सामाग्रीहरू समयमै उपलब्ध गराउन नसक्नु, रासायनिक मल तथा विषादीको जथाभावी प्रयोग, जंक फुडतर्फ उपभोक्ताहरुको बढ्दो आकर्षण र वैदेशिक रोजगारतर्फ समुदायको बढ्दो झुकावले खाद्य प्रणाली रूपान्तरणमा दीर्घकालीन चुनौती खडा गरेको छ ।

खाद्य प्रणाली रुपान्तरणको सन्दर्भमा विश्लेषण गरिएका सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीहरु निम्नानुसार छन् :

सवल पक्षहरु:

- पृथ्वी राजमार्गबाट नजीक रहेकोले राजधानी र मुलुकका अन्य शहरमा पहूँच सजिलो।
- भौगोलिक विविधता ३४० मिटर देखी १३४० मिटर रहेकोले विभिन्न खेती प्रणाली सञ्चालनमा सहजता।
- कृषि पर्यटनको सम्भावना।
- बुढीगण्डकी जलविद्युत आयोजनाले सिचाइ सुविधा विस्तार गरेर कृषि उत्पादन बढाउन सहयोग गर्ने।
- ढुवानीमा सहजता।
- संकलन केन्द्र स्थापना।
- हाट बजार संचालनको संभावना।
- कृषि उद्योगको संभावना।
- विउ विजन उत्पादन।
- खाने पानी बोड संचालन आएको।
- स्वच्छ सफा गाउँपालिकाको घोषणा हुने चरणमा।
- मासुजन्य र दुध व्यवसाय संचालनमा आकर्षण बढेको।

दुर्वल तथा कमजोर पक्षहरु:

- छरीएर रहेको वस्ती।
- बुढीगण्डकी जलविद्युत आयोजनाका कारण बढ्दो बसाई सराई।
- युवाहरु बिदेश पलायन भैरहेको अवस्था।
- वाँझो जग्गा बढ्दै गएको।
- बन्यजन्तुको प्रकोप वढ्दै गएको।
- खाद्य वस्तुको आयात बढ्दै गएको

**अवसर तथा सम्भावनाहरु:**

- एशियाकै दोश्रो ठुलो जलविद्युत आयोजना (बुढीगण्डकी जलविद्युत आयोजना) सञ्चालन हुन सक्ने।
- धार्मिक र पर्यटन क्षेत्रको ठूलो सम्भावना बोकेको।
- काठमाण्डौं, नारायणघाट धादिङवेशी र पोखरा जस्ता शहरबाट नजीक।
- पशुजन्य उत्पादनको लागी गाई भैसी र बाख्रा पालनकार्य व्यवसायीक रुपमा गर्न सकिने।
- भिरालो जमीन भएता पनि व्यवसायीक रुपमा सुन्तला, एभोकाडो, मेकाडियम नट, कागती र कफी खेती गर्न सकिने।
- वन जङ्गल पर्याप्त भएको।

**चुनौतीहरु:**

- बुढीगण्डकी जल विद्युत आयोजनाको कारण ज्वालामूखी वडा नं. १,५ र ७ का वासिन्दाहरूको बढ्दो बसाई सराई।
- खेती योग्य जमीन बाझीएकाले बाँदर जस्ता वन्य जन्तुले बाली नष्ट गर्ने क्रियाकलापहरू बढ्दै गएको।
- नदीजन्य वस्तु, मुङ्गा गिट्टी बालुवाको चोरी पैठारी।
- चोरी शिकारी।
- वनपैदावर तथा जडीबुटी चोरी।
- बाढी पहिरोको जोखीम।
- बजार व्यवस्थापनको व्यवस्था नहुनु।
- आन्तरीक स्रोतको कमी।
- बन डढेलो तथा आगोलागी।
- बिषादीको प्रयोग।
- यातायातको अभाव।
- पर्यटकिय पुर्वाधार बन्न नसक्नु।

## २.४ सरोकारवालाहरुको नक्सांकन र विश्लेषण

गाउँपालिकाका कार्यक्रमहरूमा सहयोगी भूमिका निर्वाह गर्ने सबै सरोकारवालाहरूको भूमिकालाई गाउँपालिकाले सधैं सम्मान र आत्मसात गर्दै आएको छ। हाल गाउँपालिकाको खाद्य अधिकार तथा खाद्य प्रणाली रुपान्तरण सम्बन्धी प्रयासमा पनि विभिन्न सरोकारवालाहरूले आ-आफ्नो क्षेत्र र क्षमताअनुसार योगदान गरिरहेका छन्। सरकारी निकायहरू, गैर-सरकारी संस्था, निजी क्षेत्र, समुदायिक संघ-संगठन, किसान समूह लगायतका सरोकारवालाहरूको सक्रिय सहभागिताले रणनीतिक योजनाको कार्यान्वयनमा प्रभावकारीता बढाउने विश्वास गरिएको छ। यस रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाले सरोकारवालासँग सहकार्य, साझेदारी र निरन्तर संवादलाई अझ सुदृढ गर्दै लैजाने अपेक्षा गरेको छ।

**सरोकारवालाहरुको नक्सांकन:**

| क्र.सं | सरोकारवाला संस्थाको नाम | कार्यक्रमको नाम | क्रियाकलापहरु | कार्य क्षेत्र/पालिका/ वडाहरु |
|---|---|---|---|---|
| १ | टोल विकास संस्था | सामाजिक सचेतीकरण क्षमता विकास | सरसफाई स्वस्छता र आयआर्जन | सबै वडाहरु |
| २ | आमा समुह | सामाजिक सचेतीकरण क्षमता विकास | सरसफाई स्वस्छता र आयआर्जन | सबै वडाहरु |
| ३ | कृषि तथा पशुपालन समूह / फर्म | कृषि तथा पशुपालन सम्बन्धि | कृषि तथा पशुपालन सम्बन्धि | सबै वडाहरु |
| ४ | सामुदायिक रुपान्तरण समाज | ज्वालामूखी पूर्ण सरसफाई | खानेपानी सरसफाई स्वस्च्छता | सबै वडाहरु |
| ५ | शान्ति नेपाल | आयआर्जन | कृषि तथा पशुपालन समूह परिचालन | सबै वडाहरु |
| ६ | Wine to water | School wash | विद्यालय खानेपानी सरसफाई स्वस्च्छता | सबै वडाहरु |
| ७ | ICDC | कृषि आयआर्जन र सरसफाई | बेमौसमी तरकारी खेती गोठ सुधार | वडा नं. १ |
| ८ | Focus Nepal | खानेपानी सवलिकरण | नयाँ खानेपानी योजना र मर्मत | सबै वडाहरु |
| ९ | साना किसान कृषि तथा पशुपालन सहकारी संस्था.लि. | कृषि तथा पशुपालन सम्बन्धि आयआर्जन कार्यक्रम | सहुलियत कर्जा बिउबिजन रासायनिक मल बितरण पशु बिमा संकलन केन्द्र | सबै वडाहरु |
| १० | कृषि बिकास कार्यालय, धादिङ | समग्र कृषि सम्बन्धि कार्य | कृषि तालिम, गोष्ठी, बिउबिजन बितरण, यान्त्रिकरण बितरण, मलखाद बितरण सानासिंचाई कार्यक्रम | सबै वडाहरु |
| ११ | प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना | मकै जोन बाख्रा जोन | यान्त्रिकरण विउविजन उन्नत जातको बोका वितरण | सबै वडाहरु |
| १२ | पशु विकास कार्यालय, धादिङ | तालिम तथा गोष्ठी प्राविधिक सेवा | पशु उपचार सेवा मासु तथा डेरी पसल सुधार दुध संकलन बिभिन्न रोगको भ्याक्सिन वितरण | सबै वडाहरु |
| १३ | ज्वालामूखी ग्रामिण खानेपानी सरसफाई वोर्ड | WASH | नयाँ धारा निर्माण मुहान संरक्षण नयाँ मुहान दर्ता | सबै वडाहरु |
| १४ | शिखर इन्सुरेन्स | बीमा | बिमा अभिलेख तथा भुक्तानी | सबै वडाहरु |

| क्र.सं | सरोकारवाला संस्थाको नाम | कार्यक्रमको नाम | क्रियाकलापहरु | कार्य क्षेत्र/पालिका/वडाहरु |
|---|---|---|---|---|
| १५ | बिभिन्न वडा तथा पालिका स्तरको खानेपानी समिति | क्षमता विकास | सरसफाई र खानेपानी | सबै वडाहरु |
| १६ | सामुदायिक वन उपभोक्ता संघ | बन संरक्षण तथा व्यावस्थापन | बन संरक्षण तथा व्यावस्थापन | सबै वडाहरु |
| १७ | रेडक्रस | आवश्यकता अनुसार | आवश्यकता अनुसार | जिल्ला भर |
| १८ | एग्रोभेट | कृषि तथा पशु कार्य | उपचार सेवा बिउबिजन बितरण | सबै वडाहरु |

## २.५ दिगो खाद्य प्रणालीका लागि निर्धारित लक्ष्य तथा उद्देश्यहरु

ज्वालामूखी गाउँपालिकाको सबल, दुर्बल, पक्ष, अवसर र चुनौतीहरूका साथै पालिकामा कार्यरत सरोकारवालाहरूका कार्यक्रम र भूमिकालाई मध्यनजर गर्दै अस्थिर तथा कमजोर खाद्य प्रणालीका अन्तर्निहित कारणहरूलाई समाधान गर्नका लागि उद्देश्य विश्लेषण गरिएको थियो। यस क्रममा समस्यामा आधारित हुँदै निर्धारण गरिएका उद्देश्य तथा उद्देश्य प्राप्तिका माध्यमहरू निम्न बमोजिम रहेका थिए। यी विश्लेषणको सारलाई मध्यनजर गर्दै यस गाउँपालिकाको खाद्य प्रणालीलाई समतामूलक, उत्थानशील तथा दिगो खाद्य प्रणाली रुपान्तरण गर्नका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएका छन्।

## २.५.१ उद्देश्य विश्लेषण: स्थिर र सबल खाद्य प्रणाली

(खाद्य अधिकार, खाद्य प्रणाली स्थिर र सबल हुनुका माध्यमहरुको विश्लेषण)



## २.५.२ उद्देश्य विश्लेषण : स्वच्छ तथा पोषणयुक्त खाद्यको पहुँचमा वृद्धि

| उद्देश्य | माध्यम | माध्यम | माध्यम |
|---|---|---|---|
| कृषि उत्पादनमा वृद्धि | व्यवसायिक खेती विस्तार | कृषि यान्त्रिकरण | |
| | | प्रविधिको प्रसार प्रसार | तालीम र अवलोकन कार्यक्रम |
| | | सिचाई सुविधाको विस्तार | कुलो,नहरको उपयुक्त निर्माण, मर्मत संभार |
| | | उन्नत वीउ र नश्लको उपलव्धता | प्रभावकारी नियमन |
| | | बजारसँग जोड्ने | उत्पादक र बजार बीच समन्वय |
| | | नवीन प्रविधिको उपलव्धता | कृषि प्रसार |
| कृषि योग्य जमिनको उपयुक्त बर्गिकरण | भूउपयोग ऐन, नियमावलीको कार्यान्वयन | तीनै तहका सरकार वीच समन्वय | |
| | व्यवस्थित बस्ती विकास | | |
| गुणस्तरिय बीउ विजनको प्रयोग बढाउने | वीउ उत्पादनमा वृद्धि | अनुसन्धान र प्रसारमा विस्तार | |
| | | समुदायमा रहेको वीउ प्रणालीलाई सुदृढीकरण गर्ने | सामुदायिक बीउ बैकको स्थापना र सुदृढीकरण |
| खाद्य स्वच्छता कायम गर्ने | नियमन प्रणालीलाई व्यवस्थित गर्ने | सम्वन्धित प्राविधिक भर्ना गर्ने | |
| | | क्षमता विकास गर्ने | |

## २.५.३ उद्देश्य विश्लेषण: उपयोग पद्धति दिगो हुनु

| उद्देश्य | माध्यम | माध्यम |
|---|---|---|
| रैथाने वाली तथा पशु पालन विस्तार | नयाँ प्रविधि तथा कार्यक्रमको प्रचार प्रसार | पर्याप्त तालिम उपलव्धता |
| तरकारी,फलफुल अन्नको उत्पादन बढाउने | गुणस्तरिय बीउको पर्याप्त उपलव्धता | गुणस्तरीय बीउको लागि ससक्त नियमन प्रणाली |
| | | सरल ढङ्गले प्राप्त गर्ने व्यवस्था |
| | सिचाई सुविधाको विस्तार | सिचाईमा लगानी बढाउने |
| | समयमा रसायनिक मलको उपलव्धतता | आपूर्ति प्रणाली प्रभावकारी बनाउने |
| | जैविक मलको उपयोगमा वृद्धि | उत्पादन वृद्धि |
| | रोग कीरा नियन्त्रण | किसानको क्षमता बढाउने |
| | रैथाने बालीको उत्पादन प्रवर्द्धन | बाँझो जग्गामा रैथाने बालीको खेती गर्ने प्रोत्साहन |

| उद्देश्य | माध्यम | माध्यम |
|---|---|---|
| विद्यालय दिवा खाजामा रैथाने बालीका परिकार समावेश गर्ने | विद्यालयका करेसाबारीमा रैथाने बाली उत्पादन गर्न सहयोग गर्ने | |
| खेती योग्य जमिनको खण्डिकरणमा न्यूनीकरण | बलियो अन्तर निकाय समन्वय | |
| | जनचेतना बढाउने | |
| पशुजन्य उत्पादनमा वृद्धि | गुणस्तरिय नश्लको पर्याप्त उपलव्धता | |
| | गुणस्तरिय दानाको लागि किसानको क्षमता वृद्धि | तालीम सञ्चालन |
| | रोगको समयमा नियन्त्रण | समयमा खोपको उपलव्धता |
| | | सचेतता वढाउने |
| उत्पादन पश्चात क्षतिमा कमी | उत्पादन पश्चात क्षतिमा कमी गर्ने शीप बढाउने | तालीम र अवलोकन कार्यक्रम |
| | आधुनिक भण्डारणको व्यवस्था | बजेटको व्यवस्था |

### २.५.४ उद्देश्य विश्लेषण: उत्पादन प्रणाली प्रकृति मैत्री

| उद्देश्य | माध्यम | माध्यम |
|---|---|---|
| विषादीको उचित प्रयोग | आवश्यकता अनुसार प्रयोग गर्ने क्षमता वृद्धि | सचेतता बढाउने |
| | परम्परागत ज्ञानको प्रयोग | परम्परागत प्रचलनको अध्ययन र अनुसन्धान |
| मलखादको संतुलित प्रयोग | बाली अनुसारको मल प्रयोग सम्वन्धी किसानको क्षमता बढाउने | तालीम |
| जैविक मलको प्रयोगबाट माटोको गुणस्तरमा सुधार | जैविक मल उत्पादन बढाउने | तालीम |
| वातावरण मैत्री प्रविधिको प्रयोग | स्थानीय परिवेश अनुकूलको प्रविधि पहिचान | तालीम |
| जलवायु प्रविधि मैत्री खेती प्रणालीको विस्तार | किसानहरूमा सचेतता बढाउने | स्थानीय परिवेश अनुसारको तालीम |
| खेती योग्य जमीनको संरक्षण | खेती योग्य जमिनको खण्डीकरण रोक्ने | सचेतता बढाउने |
| | व्यवस्थित शहरिकरण | सचेतता बढाउने |
| कृषि जैविक विविधताको संरक्षण | बाली चक्र, र घुम्ते कोशे बालीको विस्तार | सचेतना बढाउने |
| | स्थानीय एवम् रैथाने ज्ञानको उपयोग बढाउने | तालीम |
| | कृषि जैविक विविधताको संरक्षण सम्वन्धी नयाँ प्रविधिको प्रसार | |

| उद्देश्य | माध्यम | माध्यम |
|---|---|---|
| | पोखरी र पानीका मुहानहरूको संरक्षण गर्ने | |

### २.५.५ उद्देश्य विश्लेषण: समन्यायिक जीविकोपार्जन हुनु

| उद्देश्य | माध्यम | माध्यम |
|---|---|---|
| किसानलाई प्रोत्साहन र सेवा सुविधा उपलव्ध गराउने | किसान परिचय पत्रका आधारमा | किसानको पहिचान र वर्गीकरण गरी किसान परिचय पत्रको वितरण |
| बाँझो जमीन उपयोग बढाउने | साना किसान र सीमान्तकृत वर्गलाई परिचालन गर्ने | सहकारी, करार, सामूहिक खेतीको प्रवर्द्धन गर्ने |
| उत्पादनको उचित मूल्यको व्यवस्था | सहकारी र कृषक समूहलाई बजार व्यवस्थापनको क्षमता वृद्धि | |
| जडीबुटी खेतीको विस्तार | सामुदायिक वन उपभोक्ता समितिको उत्पादन क्षमता बढाउने | तालीम र अवलोकन |
| | बजारसँग जोड्ने क्षमता बढाउने | तालीम |
| साना तथा मझौला उद्यमशीलता बढाउने | युवा, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन | |
| | कच्चा पदार्थ र बजार सम्भाव्यताका आधारमा तालीम सञ्चालन गर्ने | |

### २.५.६ उद्देश्य विश्लेषण : उत्थानशील खाद्य प्रणाली

| उद्देश्य | माध्यम | माध्यम |
|---|---|---|
| कृषि मौसम सेवा सल्लाह | मौसम पूर्वानुमान र कृषि सूचना को व्यवस्था | संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा कृषक समूहहरूलाई उपलव्ध गराउने |
| बाली तथा पशु बीमा विस्तार | कृषि वीमामा सहभागी हुन सचेतता बढाउने कार्यक्रम | |
| उत्थानशील प्रविधिको प्रयोगमा विस्तार | किसानको क्षमता बढाउने | तालीम र अवलोकन |
| जैविक विविधताको संरक्षण | क्षमताको विकास | तालीम र अवलोकन |
| जंगली जनावरको अतिक्रमण न्यूनीकरण | वन्यजन्तुलाई मन नपर्ने बालीको विस्तार गर्ने | वन्यजन्तुलाई मन नपर्ने बालीको पहिचान र विस्तारमा कृषि प्रसार सेवा |

| उद्देश्य | माध्यम | माध्यम |
|---|---|---|
| जलवायु अनुकूलित खेतीको प्रवर्द्धन | क्षमता विकास | तालीम र अवलोकन |
| युवालाई कृषिमा आकर्षण बढाउने | आधुनिक कृषि प्रविधिको जानकारी | तालीम |
| | उत्पादन र प्रशोधन पश्चात बजारको उपलव्धताको जानकारी | तालीम र अवलोकन |
| | प्रतिस्पर्धाका आधारमा उद्यमशीलता प्रवर्द्धन गर्न अनुदान | |

### २.५.७ उद्देश्य विश्लेषण: खाद्य सुशासन र तथ्यमा आधारित निर्णय हुनु

| उद्देश्य | माध्यम | माध्यम |
|---|---|---|
| आवश्यक दक्ष जनशक्तिको आपूर्ति गर्ने | गाउँपालिकामा एक खाद्य प्राविधिक; एक वडा एक कृषि तथा पशु सेवा प्राविधिक लगायत कार्यवोझका आधारमा जनशक्तिको व्यवस्था | |
| खाद्य अधिकार प्रवर्द्धन गर्न संस्थागत व्यवस्था | स्थानीय खाद्य समन्वय समितिको गठन र सक्रियता | |
| वास्तविक किसानका लागि सेवा सुविधा सञ्चालन | किसान परिचय पत्र वितरण | |
| तथ्यमा आधारित योजना तर्जुमा | तथ्याङ्क संकलन प्रणाली को व्यवस्था | कर्मचारीको क्षमता विकास |

## २.६ खाद्य प्रणालीको सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणाली

**लक्ष्य**

- सबैका लागि स्वच्छ तथा पोषणयुक्त खाद्य पहुँच सुनिश्चित गर्ने ।
- दिगो उपभोग पद्धति अवलम्बन गर्ने ।
- प्रकृतिमैत्री उत्पादन प्रणाली अनुसरण गर्ने ।
- समन्यायिक जीविकोपार्जनको अवस्थामा बढोत्तरी गर्ने ।

- विपद् तथा जोखिम विरुद्ध उत्थानशील खाद्य प्रणाली निर्माण गर्ने ।
- खाद्य सुशासन तथा खाद्य प्रणाली रूपान्तरणका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐनको प्रभावकारी कार्यान्वयन गर्ने ।

**उद्देश्यहरू**

- सबैका लागि दिगो रूपमा सुपथ, सुरक्षित, स्वस्थ र पौष्टिक खाद्य पदार्थको आपूर्ति गर्न कृषि उत्पादनलाई सघन तुल्याउनु ।
- स्वस्थ र पौष्टिक स्थानीय खाद्य उपभोग गर्न, खाद्यको क्षति घटाउन र स्तनपान अभ्यासहरूको संरक्षण र प्रवर्धन गर्न सचेतना वृद्धि गर्नु ।
- प्रकृतिमैत्री खाद्य प्रणालीको माध्यमबाट कृषि जैविक विविधताको संरक्षण र उपयोगमा एकीकृत ढङ्गले कार्य गर्नु ।
- साना तथा व्यावसायिक कृषकहरूको उद्यमशीलता र सीप विकास मार्फत् आम्दानी बढाउनु र जीविकोपार्जनमा सुधार गर्नु ।
- उत्थानशील खाद्य प्रणाली तथा सङ्कटको सामना गर्न सक्ने समुदायको विकास गर्न दीर्घकालीन लगानीको प्रवर्धन गर्नु ।
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन अनुरूप रणनीति र कार्यनीतिहरू विकास गरी सङ्घीय संरचनाका तीनै तहमा खाद्य सुशासन सुनिश्चित गर्नु ।

**रणनीतिहरू**

- सबै समुदायको खाद्य अधिकार सुनिश्चित गर्न प्रणालीगत रुपमा प्रभावकारी नीति, कार्यक्रम र संरचनाहरूको कार्यान्वयन गरिनेछ ।
- स्थानीय उत्पादन र उपभोगलाई प्रवर्द्धन गर्दै स्वदेशी र पोषणयुक्त बालीहरूको संरक्षण र पुनर्स्थापना गरिनेछ ।
- कृषिमा आधारित आयआर्जन र रोजगारीका अवसरहरू सिर्जना गरी खाद्य प्रणालीलाई आर्थिकरूपमा सबल बनाइनेछ ।
- खाद्य सुरक्षामा योगदान पुऱ्याउने साना किसान, महिला, युवा र वञ्चित समुदायहरूको क्षमता अभिवृद्धि गर्दै त्यस्ता समुदाय लक्षित कार्यकमहरु संचालन गरिनेछ ।

- सुरक्षित र पोषणयुक्त खाद्यको उत्पादन, प्रशोधन, भण्डारण र वितरण प्रणालीलाई मजबुत पारिनेछ।
- जलवायु परिवर्तन अनुकूल कृषि अभ्यास र प्रकृतिमैत्री खाद्य प्रणाली प्रवर्द्धन गरिनेछ।
- स्थानीय खाद्य प्रणालीमा सरोकारवालाको सहकार्य र सहजीकरण प्रवर्द्धन गर्दै सहभागी योजना र कार्यान्वयन सुनिश्चित गरिनेछ।
- खाद्यमा पहुँच र पोषण सुधार्न सार्वजनिक सेवा (खानेपानी, सरसफाइ, स्वास्थ्य सेवा) मा पहुँच र गुणस्तर सुधार गरिनेछ।
- खाद्य सुरक्षासम्बन्धी आकस्मिक जोखिम व्यवस्थापन र विपद् प्रतिकार्य प्रणाली सुदृढ गरिनेछ।
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वहरूसँग गाउँपालिकाका कार्यक्रमहरूलाई समायोजन गरिनेछ।

## २.७ कार्यक्षेत्र र कार्यक्रमहरु

यो रणनीतिक योजनाले अपेक्षा गरेको नतिजाहरु हासिल गर्न आगामी पाँच बर्षको (आ.ब. २०८२/२०८३ देखि आ.ब. २०८६/२०८७ सम्म) लागि विभिन्न कार्यक्षेत्रहरुमा निम्नानुसार कार्यक्रमहरु संचालन गरिनेछ।

**कार्यक्रमको नाम:**

| कार्यक्षेत्रहरु | कार्यक्रम/क्रियाकलापको नाम |
|---|---|
| १. स्वच्छ तथा पोषण यूक्त खाद्यमा पहुँच | ▪ आधुनिक खेती प्रणाली प्रवर्द्धन तालीम कार्यक्रम<br>▪ कृषक क्षमता विकास कार्यक्रम<br>▪ मकै खेती कार्यक्रम<br>▪ गोठ, खोर सुधार कार्यक्रम<br>▪ धान/मकै दलहन कार्यक्रम<br>▪ भैँसी पकेट क्षेत्र<br>▪ बाख्रा पकेट क्षेत्र<br>▪ आलु खेती प्रवर्द्धन कार्यक्रम<br>▪ सुन्तला खेती कार्यक्रम<br>▪ पोषण तथा खाद्य स्वच्छता सम्वन्धि जनचेतना कार्यक्रम<br>▪ रैथाने खाना प्रदर्शनी कार्यक्रम<br>▪ एक घर एक किचेन गार्डेन कार्यक्रम |

| कार्यक्षेत्रहरु | कार्यक्रम/क्रियाकलापको नाम |
|---|---|
| | ■ विद्यालय दिवा खाजा कार्यक्रम<br>■ १ वडा १ टोल पोषण कर्नर<br>■ तरकारी प्रसोधन केन्द्र स्थापना र सञ्चालन कार्यक्रम<br>■ वजार अनुगमन कार्यक्रम<br>■ कृतिम गर्भाधान कार्यक्रम |
| २. दिगो उपभोग पद्धती | ■ खाद्य बस्तु दिगो सदुपयोग सचेतना कार्यक्रम<br>■ विद्यालय कृषि नमूना कार्यक्रम<br>■ स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम<br>■ १ वडा १ उत्पादन कार्यक्रम<br>■ कोदो खेती प्रवर्द्धन कार्यक्रम<br>■ एक घर एक गोठ कार्यक्रम<br>■ वाली उपचार शिविर संचालन |
